# जुनीचाँदे गाउँपालिका कार्यबाहक अध्यक्ष श्री शिवा आचार्य
# **बस्नेत ज्यूले गाउँ सभामा प्रस्तुत गर्नु भएको**

## जुनीचाँदे गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम

**जुनीचाँदे गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**मजकोट, जाजरकोट**

**१० आषाढ, २०७८**

आदरणीयगाउँसभाका सदस्य ज्यूहरु,
गाउँपालिका स्थित राजनीतिक दलका प्रमुख एंव प्रतिनिधि ज्यूहरु,
विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रमुख एवं प्रतिनिधि ज्यूहरु,
समाजसेवि, बुद्धिजीवि, शिक्षक, पत्रकार, उद्योगी, व्यापारी, जेष्ठ नागरिक, नागरिक समाज, यूवा, दलित तथा अल्प संख्यक, एकल महिला, शहिद परिवार, सुरक्षा निकायका प्रमुख लगाएतका उपस्थित आदरणीय सम्पूर्ण गाउँपालिका बासी दाजुभाई तथा दिदी बहिनीहरु,

म स्थानीय सरकारको प्रमुखको हैसियतले कोरोना भाईरस अर्थात कोभिड १९ महामारीको विषम परिस्थितिमा सम्मानित गाउँ सभामा यस आर्थिक बर्ष ०७८।०७९ को नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउदा अत्यन्तैं गौरवान्वित र खुसी भएको छु ।

## खण्डः १ परिचय र समिक्षा

### १.१ पृष्ठभुमी

- विश्वभरी फैलिईरहेको कोभिड १९ को महामारीको बिषम परिस्थितिका बिचमा जुनीचाँदे गाउँपालिकाको समग्र विकास निर्माणसँग सन्निकट सम्बन्ध राख्ने आजको यस गरिमामय छैठौं गाउँ सभामा आगामी आर्थिक वर्ष ०७८।०७९को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न सबै जनसमुदायलाई समेट्ने अपेक्षा सहित उपस्थित भएको छु ।
- यस ऐतिहासिक शुभ अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनताको मौलिक हक र अधिकार प्राप्तिको लागि भएको विभिन्न जनआन्दोलन र जनयुद्धमा आफ्नो जीवन बलिदान गर्नुहुने महान सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । मुलुकमा राजनीतिक आर्थिक र सामाजिक रुपान्तरणका लागि स्वाभिमानी पूर्वक अनवरत क्रियाशील अग्रज व्यक्तित्व तथा परिवर्तनका लागि भएका संघर्षमा होमिएका घाईते अपाङ्ग योद्धा तथा सहिद परिवारप्रति उच्च सम्मान प्रकट गर्दछु ।
- आज विश्वव्यापी रुपमा महामारीको रुपमा फैलिएको कोभिड-१९ र विपतका कारण मानवजाति माथि सबैभन्दा ठूलो संकट आइपरेको बेला यसले हाम्रो संघ, प्रदेश सरकार र स्थानीय सरकार पनि अछुतो रहन सकेन ।

- कोरोना संक्रमणबाट स्वदेश तथा विदेशमा ज्यान गुमाएका नेपाली लगायत सम्पूर्ण मृतक प्रति हार्दिक श्रद्धाञ्जली तथा शोकाकूल परिवारजनमा समवेदना व्यक्त गर्न चाहन्छु । साथै संक्रमित सबैको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।
- स्थानीय सरकाले चौथो वर्षको बजेट प्रस्तुत गरिरहदा कोरोनाबाट नागरिकहरुको जीवन रक्षा गर्ने र अर्थतन्त्रलाई गतिशिल बनाउने गहन जिम्मेवारी बोध गरेको छु । स्थानीय सरकारको उर्जावान जनशक्तिलाई पुँजीमा बदल्दै न्याय, सामाजिक रुपान्तरणसहित समृद्ध जुनीचाँदे निर्माणमा हाम्रो साझा लक्ष्य र भएता पनि जुनीचाँदे गाउँपालिका ठुलो भौगोलिक क्षेत्रफल भौगोलिक विकटता, जनताको स्थानीय सरकार प्रतिको बढ्दो आकांक्षा, उपलब्ध सीमित स्रोतसाधनको बाबजुद कार्यापालिकाका सदस्यहरु, गाउँसभाका सदस्यहरु, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मार्गदर्शन, उपलब्ध स्रोतसाधन तथा कार्यक्रम तर्जुमा समितिको बैठकमा घनीभूत छलफल गरी सबै क्षेत्र, वर्ग, जातजाती, धर्म, अल्पसख्यक, घाइते, अपाङ्ग, द्धन्दपिडीत, पछाडि पारिएको समुदायलाई समेट्ने गरी बजेट विनियोजन गर्ने पर्यन्त गरेको छु।

  पूर्वाधार विकास र समृद्धिको अतुलनीय सम्भावना बोकेको जुनीचाँदे गाउँपालिकाको सामुदायिक बिद्यालय तर्फ १ सय ३३ जना स्वास्थ्य, वडाहरु र गाउँपालिकामा १ सय १ जना गरी जम्मा २ सय ३४ जना रोजगारी सिर्जना गर्न गाउँपालिका सफल भएको छ ।जुनीचाँदे गाउँपालिका भित्रका नागरिकहरुलाई घरदैलोमा स्वास्थ्य सेवामा पहुँच सुनिश्चतता गर्नका लागि ११ वटा सामुदायिक स्वास्थ्य इकाई ७ वटा आधारभुत सेवा केन्द्र, गाउँ अस्पताल र आयुर्वेद अस्पताल स्थापना गरी नागरिकलाई सहज, प्रभावकारी र गुणस्तरीय रुपमा स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गरेका छौं ।

  भौगलिकरुपमा अन्य स्थानीय तहको तुलनामा बिकट रहेको भएता पनि आर्थिक, सामाजिक, सांस्कृतिक पर्यावरणीय र भौगोलिक विविधताका साथै जल, जंगल, जमिन जडीबुटी तथा बहुमुल्य रत्न पत्थर जस्ता उत्पादन क्षमताको दृष्टिले आर्थिक समृद्धीका लागि उच्च सम्भावना रहेको छ ।

  **"स्वास्थ्य, शिक्षा, कृषि र रोजगारीमा हाम्रो अभियान: विकाससमृद्धि र सुशासनमा हाम्रो पहिचान"**भन्ने मुल नाराका साथ गरिमामय सभा समक्ष नीति, कार्यक्रम तथा अनुमानित बजेट प्रस्तुत गर्दछु ।

**आदरणीय गाउँसभाका सदस्य ज्यूहरु,**

**चालू आ. व. २०७७।०७८ को वार्षिक नीति तथा कार्यक्रमको समीक्षा**

**वितीय समानीकण तर्फ**

**क) आर्थिक क्षेत्र**

- विश्वमा फैलिरहेको कोरोना भाईरस कोभिड-१९ को कारण विश्व अर्थतन्त्र नै प्रभावित भएको अवस्थामा जुनीचाँदे गाउँपालिकामा पनि विकास निर्माणका कार्यहरु केहि प्रभावित भएता पनि हामीले **यस** चालु आर्थिक वर्ष २०७७।०७८ आर्थिक विकास अन्तर्गत कृषि, उद्योग, पर्यटन र जलश्रोत तथा सिचाई पशुपन्छी, सहकारी तर्फ रु २ करोड ७८ लाख ३ हजार विनियोजन भएकोमा खर्च जम्मा १ करोड ७ लाख ३० हजार भएको छ जसमा ३८.५९ प्रतिशत खर्च भएको छ ।

**सामाजिक क्षेत्र**

- सामाजिक विकास क्षेत्र अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्दन, खेलकुद तथा मनोरञ्जनसँग लैगिक समानता तथा समावेशीकरणको गरी कूल रकम रु १२ करोड ४१ लाख ४२ हजार विनियोजन भएकोमा खर्च रु ५ करोड ९५ लाख ४५ हजार खर्च भएको छ जसमा ४७.९६ प्रतिशत खर्च भएको छ ।

**पूर्वाधार क्षेत्र**

- पूर्वाधार विकास क्षेत्रमा चालु आर्थिक वर्षमा सडक, भवन, सिचाई, उर्जा र विस्तृत आयोजना प्रतिवेदन(DPR) गरी कूल रकम रु १७ करोड २२ लाख ९२ हजार रुपैया विनियोजन भएकोमा हालसम्म रु ६ करोड ३१ लाख १ हजार खर्च भएको छ जसमा ३६.६२ प्रतिशत खर्च भएको छ ।

**वातावरण तथा विपद व्यवस्थापन**

- वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा चालु आर्थिक वर्षमा विनियोजित रकम ४६ लाख २० हजार रकम विनियोजन भएकमा हाल सम्म ३२ लाख १० हजार ८ सय खर्च भएको छ ।जसमा ६९.४९ प्रतिशत खर्च भएको छ ।

संस्थागत विकास, सेवा प्रवाह र सुशासन

चालु आर्थिक वर्ष मा विनियोजित रकम १ करोड ३ लाख ८० हजार विनियोजन भएकोमा ६७ लाख ७५ हजार खर्च भएको छ  जसमा झण्डै ६५ प्रतिशत खर्च देखिएको छ

चालु तथा खर्चतर्फ खर्च

- चालु आर्थिक वर्ष मा विनियोत रकम २९ करोड ७४ लाख ७८ हजार विनियोजन भएकोमा हालसम्म १७ करोड ७७ लाख १४ हजार खर्च भएको छ झण्डै जसमा ५९.७४ प्रतिशत खर्च देखिन्छ ।

सशर्त कार्यक्रम अन्तर्गत खर्च

- चालु आर्थिक वर्ष मा विनियोत रकम २५ करोड १ लाख ७० हजार विनियोजन भएकामा १३ करोड ६ लाख ७१ हजार खर्च भएको छ जसमा ५२.२३ प्रतिशत खर्च भएको देखिन्छ ।

खण्ड-२आगामी आ.व.२०७८।०७९ को नीति, कार्यक्रम तथा बजेट

आदरणीय गाउँ सभाका सदस्य ज्यूहरु,

२.१ लक्ष्य, उद्देश्य र अपेक्षति उपलब्धी

लक्ष्य

वि.सं २०७९ सम्म सवै किसिमका आधारभूत पूर्वाधारहरुको विकास गरी नागरिकको मर्यादित जीवनयापनको प्रत्याभूति दिलाउने गाउँपालिकाको लक्ष्य रहको छ ।

म अब यस गाँउसभामा आर्थिक वर्ष २०७८।०७९ को बजेटका उद्देश्य र प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

उद्देश्यहरु

यस नीति, कार्यक्रम तथा बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

- कोभिड-१९ लगायतका महामारी रोकथाम नियन्त्रण प्रतिकार्य र उपचार क्षमता बढाउन प्रदेश सरकार र संघीय सरकार सँग समन्वय गरी स्वास्थ्य सेवा

प्राणालीको सुदृढीकरण एवं विस्तार मार्फत नजिकको स्वास्थ्य संस्थाबाट सहज निशुल्क र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरी नागरिकको जिवन रक्षा गरिनेछ ।

- रोजगारमूलक व्यवहारिक एवं जीवनउपयोगी प्राविधिक सिप तथा तालिम मार्फत युवा, महिला तथा पछारि पारिएका समुदाय एंव वर्गको क्षमता विकास गरिनेछ ।
- दिगो शान्ति, समता, समृद्धि, आर्थिक, सामाजिक न्याय सहितको स्वाधीन र विकसित जुनीचाँदे निर्माण गरिने छ ।
- खाद्यान्न सङ्कट हुन नदिन आधारभूत आवश्यकताका दैनिक उपभोग्य वस्तुको भण्डारण र सहज आपूर्तिको सुनिश्चितता गरी जनतालाई भोकमारीबाट बचाउने ।
- नागरिकको मौलिक हकको रुपमा रहेको स्वास्थ्य तथा शिक्षा क्षेत्रको थप विकास, विस्तार र संस्थागत सुदृढीकरण गर्ने ।
- कोरोना भाईरस रोकथाम तथा नियन्त्रणका लागि चालिएका कदमबाट टुटेको उत्पादन र आपूर्ति श्रङ्खलालाई पुनःस्थापना गर्दै कृषि, उद्योगर पर्यटन निर्माण लगायत प्रभावित व्यवसायको पुनरुत्थान गर्न बैदेशिक रोजगारीबाट फर्किएर आएका जुनीचाँदे बासीहरुलाई उत्पादनमूलक कार्यमा लगाउने ।
- सभ्य र समतामूलक समाजको निर्माण गर्ने ।
- सामाजिक पूर्वाधारको विकास तथा लोककल्याणकारी व्यवस्थाको प्रत्याभूत गर्ने ।
- सहज जीवनयापन र समुन्नत गाउँपालिका निर्माण लागि आवश्यक सर्वसुलव आधुनिक भौतिक पूर्वाधारको विकास र विस्तार गर्ने ।
- मानव अधिकार, मानवीय मर्यादा संरक्षण संवर्द्धन तथा सामाजिक न्यायको प्रवर्द्धन शिक्षा,स्वास्थ्य,रोजगारी र उद्यमशिलता विकास, सामाजिक सुरक्षामा नागरिकको सहज पहुँच स्थापित गरी दक्ष जनशक्ति उत्पादन गरी प्रभावकारी रुपमा परिचालन गर्ने ।
- बनजंगलको संरक्षण गरी हरियाली जुनीचाँदेका रुपमा विकास गर्ने ।
- भौतिक पुर्वाधार विकासमा प्राथामिकता दिने ।

- गाउँपालिकाको प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्ट्राचारमुक्त, उत्तरदायी र सहभागितामूलक बनाइनुका साथै भ्रष्ट्राचार नियन्त्रण, जनमुखी प्रशासन र सुशासनयूक्त गाँउपालिका बनाउने ।
- उपलब्ध सवै किसिमको स्रोत साधन समुचित परिचालन र उपयोग गरी दिगो आर्थिक विकास न्यायोचित वितरण गाउँपालिकालाई आत्मनिर्भर, स्वतन्त्र र समृद्ध तथा उन्नतिशिल बनाउने ।
- स्वस्थ र सन्तुलित पर्यावरण कायम गर्ने ।

**अपेक्षति उपलब्धी**

## २.२ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु

यस गरिमामय सभामा पेश गरिएको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान तथा प्रचलित कानून, स्थानीय आवश्यकता एवं विश्वव्यापी विकास तथा सभ्यताहरु कोरोनाबाट प्रभावित मामिलाहरु समेतलाई आत्मसात गरिएको छ ।

### २.२.१. समग्र नीति तथा आधारहरु

- नेपालको संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा विद्यमान ऐन, नियमहरु,
- विश्वमा फैलिरहेको नोवेल कोरोना भाईरस नियन्त्रण तथा रोकथामका लागि बनाएका आवश्यक कानूनहरु,
- पन्धौ पञ्चवर्षिय योजना,
- कर्णाली प्रदेशको प्रथम पञ्चवर्षिय योजना,
- दिगो विकास लक्ष्यहरु,
- संघीय तथा प्रादेशिक नीतिहरु,
- संघीय तथा प्रादेशिक आवधिक योजनाहरु,
- संघीय सरकारको नीति तथा कार्यक्रम, क्षेत्रगत, समष्टिगत नीतिहरु र बजेट वक्तव्य,
- प्रदेश सरकारका नीति तथा कार्यक्रम र वजेट वक्तव्य,

- वस्ती तथा टोलस्तरीय भेला, वडा समिति हुदै सहभागितामुलक योजना तर्जुमा प्रक्रियाद्धारा आएका आयोजना तथा कार्यक्रमहरु,
- जुनीचाँदे गाउँपालिकाको क्षेत्रमा विद्यमान विकास सम्बन्धी अवसर तथा चुनौती र वस्तु स्थितिको अवस्थाको विश्लेषण,
- राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्गदर्शनहरु,

## २.२.२. क्षेत्रगत नीति तथा आधारहरु

**(क)आर्थिक क्षेत्र**

**कृषि, वन, पर्यटन, उद्योगर वाणिज्य लगायतका उत्पादनको क्षेत्रमा कार्यक्रम तथा विनियोजन बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

स्वास्थ्य

## कोभिड १९ सक्रमण रोकथाम नियन्त्रण र उपचार

- विश्व महामारीको रुपमा फैलिएको कारोना भाईरस (कोभिड-१९) को रोकथाम तथा नियन्त्रणर उपचारको भरपर्दो उपचार ब्यवस्थापन गरि सबै गाउँपालिका बासि नागरिकहरुको जिवन रक्षा गर्न स्थानीय सरकार प्रतिबद्ध छ ।साथै गाउँपालिकामा कोरोना कोष स्थापना गरि सो कोष सञ्चालन गरिने छ ।
- जुनीचाँदे गाउँपालिकामा २३ वटा स्वास्थ्य संथा स्थापना गरी नागरिकहरुको सेवामा सहज, सर्भसुलव र प्रभावकारी सेवा प्रदान गर्नको लागि आवश्यक व्यवस्था मिलाएको छु ।
- कोभिड १९ रोकथाम, नियन्त्रण, उपचार र सबै नागरिकहरुलाई नि:शुल्क खोपका लागि अवश्यक संघीय सरकार र प्रदेस सरकार सँग समन्वय गरी खोपको सुनिश्चितता गरिनेछ ।
- यस गाउँपालिका भित्र रहेका प्राथामिक स्वास्थ्य केन्द्र गर्खाकोट, स्वास्थ्य चौकी मजकोट, कोर्ताङ्ग, दहमा कोभिड-१९ को निशुल्क परिक्षण व्यवस्थापन मिलाएको छु । कोभिडबाट संक्रमित बिरामीहरुको उपचारमा आवश्यक आइसोलेशन बेड, अक्सिजन सिलिण्डर, खरिद भएको हुदाँ यसको व्यवस्थापन गरी सञ्चालनमा ल्याईनेछ ।

- जुनीचाँदे गाउँपालिका स्तरीय १५ बेडको अस्पाताल निर्माण गर्नका लागि जुनिचाँदे गाउँपालिका ११ सितलतडामा आयोजनाको बिस्तृत प्रतिबेदन (DPR) तयार भई यस आ.व. ०७८/०७९भित्र भवन निर्माण कार्य सुरू गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- प्राथामिक स्वास्थ्य केन्द्र गर्खाकोटलाई १० वेड आईसोलेसन बेड निर्माण भई सकेको हुदाँ सो अस्पताल प्रभावकारी सेवा सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाएको छु ।
- आधारभुत स्वास्थ्यमा सबैको सहज पहुँच र सुरक्षित मातृत्व शिशु प्रजनन स्वास्थ्यको लागि विशेष पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा रहेका प्रत्येक स्वास्थ्य संस्थाद्धारा मातृ शिशु स्वास्थ्य सेवालाई भरपर्दो र सुरक्षित बनाउन हप्ताका सातै दिन सुत्केरी जाँच तथा प्रसुति सेवा निरन्तरता दिने ब्यबस्था मिलाएको छु ।
- पर्याप्त अत्यावश्यक निशुल्क औषधी खरिदको लागि बजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिका भित्रका नागरिकहरुलाई स्वास्थ्य संस्थामा बिरामी पुर्‍याउनको लागि एम्बुलेन्स खरिद गर्न रु १२ लाख रुपैया बिनियोजन गरेको छु ।
- अल्जाइमर, क्यान्सर, पार्किन्सन, सिकलसेल एनेमिया, मुटु, मृगौला, रिकेट्स र अटिजम जस्ता कडा रोगबाट पिडित विरामीको उपचारमा सहयोग गर्न कार्यक्रम निरन्तरता दिई आवश्यक बजेटको व्यवस्था गरेको छु ।

## कृषि

- निषेधाज्ञा अवधिभर खाद्य तथा व्यापार कम्पनी र साल्ट टेड्रिङ्क कम्पनिबाट विक्री हुने चामल पिठो दाल नुन खानेतेल चिनी तथा खाना पकाउने ग्यासको विक्री मुल्यमा २० प्रतिशत छुट दिने नेपाल सरकारले बजेट बक्तव्य मार्फत आएको हुदाँ सो व्यवस्थाको लागि जुनीचाँदे गाउँपालिकामा रहेको तागा खाद्य विक्री केन्द्र र रजुतरा खाद्य विक्री केन्द्रबाट चामल र नुन २० प्रतिशत छुटको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
- जुनीचाँदे गाउँपालिकामा फलफूल दशक अन्तरर्गत स्थानीय तहमा उन्नत जातका (सुन्तला, कागति, जुनार )जस्ताबिरुवा रोपण अभियान कार्यक्रममा

(५०%) गाउँपालिकाले अनुदानमा गाउँपालिका भित्र रहेका किसान, सहकारी, समूह र कृषि फर्म मार्फत पकेट क्षेत्र कार्यक्रम सञ्चालनको लागि आवश्यक विनियोजन गरेको छु ।

- जुनीचाँदे गाउँपालिका वडा न. ११ र ४ लाइ टिमुर पकेट क्षेत्र ६ र ७ लाई ओखर पकेट क्षेत्रका रुपमा घोषणा गर्दै आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
- नेपालको अर्थतन्त्रको भरपर्दो आधारको रुपमा रहेको कृषि क्षेत्रलाई कोरोना महामारीको कारण उत्पन्न भएको चुनौति र अवसरलाई सम्बोधन गर्न कृषिमा श्रम परिचालन, कृषि कार्यमा व्यवसायीकरण, यान्त्रिकरण, र आधुननिकिकरण गरी काम र रोजगारी सिर्जना गरिनेछ ।
- कृषि क्षेत्रमा विकास गरी उत्पादन र उत्पादकत्व बृद्धिका लागि प्रत्यक्ष रुपमा कृषकको घर खेतमा गई प्राविधिक परामर्श तथा कृषक सँग नियमित कृषि प्राविधिक भेटघाट कार्यक्रमलाई निरन्तरता दिने व्यवस्थापन मिलाएको छु।
- विश्वमा नै फैलिरहेको महामारी कोरोना भाईरस कोभिड १९ बाट विशेष परिस्थिति सिर्जना भई लकडाउन गरिएका कारण कृषि उतपादन, खाद्यान्न वितरण र आपूर्ति समेत गम्भीर रुपले प्रभावित हुदाँ खाद्य सुरक्षामा पर्ने प्रतिकुल प्रभाव न्यूनिकरण गर्न बाँझो जग्गा, ऐलानी, प्रति जग्गा लगायतका सार्वजनिक जग्गाको समूचीत प्रयोग गर्दै कृषि कार्यक्रम सञ्चालनको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- कृषि सम्वन्धी तथ्यांक अध्यावधिक तथा किसान सुचिकरण कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
- स्थानीय स्तरमा उत्पादन हुने बस्तु जस्तैः धान, मकै, गहु, कोदो, भट्टमास, जौ, फापर, आलुर सिमि लगायतका रैथाने बालीको उपयोगमा प्राथामिकता दिई **"खेती योग्य जमिन बाझो नराखौ आफुले खेति गर्न नसके खेति गर्न सक्नेलाई दिउ"** भन्ने नारालाई आत्मसाथ गर्दै खेति नगरिएको उत्पादनशिल जमिन कृषि उत्पादनको लागि उपयोग गर्न कृषकलाई खेती गर्न प्रोत्साहन गरिनेछ ।
- गाउँपालिका भित्र रहेका कृषकहरुका लागि दलन बालि साना व्यवसायी कृषि उत्पादन केन्द्र (पकेट) बिकास कार्यक्रम सञ्चालनका लागि रु १२ लाख बजेट विनियोजन गरेको छु।

- आ.व २०७७।०७८ मा स्थापना भएका कृषि तर्फका साना ब्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) बिकास कार्यक्रम निरन्तरताको लागि रु १२ लाख रकम बिनियोजन गरेको छु ।
- जुनीचाँदे गाउँपालिका र कर्णाली प्रदेश सरकारको साझेदारीमा आधारित एक स्थानीय तह कृषि सेवा एक बाली उत्पादन विशेष कार्यक्रमका लागि रु आवश्यक बजेट विनियोजन गरेको छु ।
- कृषिलाई दिगो, प्रतिस्पर्धी, आत्मनिर्भर बनाउन व्यवसायीकरण, आधुनिकीकरण, विविधिकरण र यान्त्रिकरणलाई जोड दिइनेछ ।
- प्राङगरिक कृषिको माध्यमबाट स्वच्छ, स्वास्थ्य, पोषणयूक्त खाद्य र बहु उपयोगी कृषि उपजको उत्पादन वृद्धि गरी आय आर्जन र रोजगारी सृजना गर्दै **समृद्ध जुनीचाँदे सुखी जुनिचाँदे** बासीको प्रत्याभुति दिईने छ ।
- **"अर्गानिक खेतीमा वृद्धि, जुनीचाँदेको संवृद्धि"** भन्ने नारालाई साकार तुल्याउन रैथाने प्रजातिका कृषि बाली तथा पशुपन्छीको संरक्षण र प्रवर्धन गरिने छ ।
- कृषि उत्पानलाई बढुवा दिन हावापानी सुहाउदो आवश्यक मल र बीऊ विजन खरिद कार्यक्रमलाई निरन्तरता दिनका लागि आवश्यक व्यस्वस्था मिलाएको छु ।
- अर्गानिक उत्पादन र उत्पादकत्व वृद्धिको लागि जुनीचाँदे अर्गानिक कृषि विषेश कार्यक्रमलाई प्राथामिकता दिएको छु ।
- एक घर एक करेसाबारी कृषि क्षेत्र कार्यक्रमलाई प्रभावकारी बनाउन जुनीचाँदे गाउँपालिकाको प्रत्येक वडाका घरहरुमा कार्यक्रम सञ्चालन गरी अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमलाई निरन्तरता दिएको छु ।

**पशुपालन,**

- खाली र बाँझो जमिनमा बिभिन्न किसिमका हिउँदे, बर्षे, बहु बर्षे र डाँले घाँसको खेती गरी पशुहरुको पोषणमा सुधार गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने नीति लिइने छ ।
- पशुपंन्छीको स्वास्थ्यका लागि विभिन्न किसिमका औषधी उपचार सेवा र महामारीजन्य रोग नियन्त्रणका लागि पशुपंन्छी खोप कार्यक्रम सेवा अभियान कै रुपमा सञ्चालन गर्ने नीति लिइनेछ ।

- पशुपंन्छी नश्ल सुधार, पशुपंन्छी बीमा कार्यक्रम लाई विशेष प्राथमिकतामा राखि उन्नत जातको पशुपालनमा विशेष जोड दिइने नीति लिइने छ ।
- जुनीचाँदे गाउँपालिका र कर्णाली प्रदेश सरकारको साझेदारीमा आधारित एक स्थानीय तह पशु सेवा पशुपालन विशेष कार्यक्रमका लागिका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- स्वच्छ एवं गुणस्तरीय पशुपन्छी जन्य उत्पादनका माध्यमबाट जुनीचाँदे गाउँपालिकालाई आत्मनिर्भर बनाउन कृषकलाई व्यावसायिक पशुपन्छीपालनमा आकर्षित गर्न नश्ल सुधार कार्यक्रमलाई प्रोत्साहन तथा घाँस खेती गरी चरीचरण क्षेत्र विकास तथा गुणस्तरीय पशु स्वास्थ्य सेवाको विस्तार गरिनेछ ।
- लागत साझेदारीमा भेंडा संरक्षण कार्यक्रम तथाबाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालनलाई निरन्तरता दिनको लागि आवश्यक बजेट व्यवस्था मिलाएको छु ।
- पशुपन्छी उत्पादक कृषक, समुदाय, महिला समुह, सहकारी संस्था एवं नीजि उद्यमीहरूको प्रतिस्पर्धी क्षमता वृद्धि गर्दै पशुपन्छीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न एकीकृत रूपमा प्राविधिक, वित्तीय तथा अन्य सेवा उपलब्ध गराउनका लागि आबश्यक बजेटको व्यबस्था गरेको छु ।
- जुनीचाँदे गाउँपालिका भित्र रहेका कृषि पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम सञ्चालनको लागि रु १ लाख रुपैया विनियोजन गरेको छु ।
- एक गाउँ एक नमुना पकेट क्षेत्रका रुपमा (जस्तैःवाख्रापालन, भेडापालन, भैसीपालन, मौरी पालन, कुखुरापालन, माछापालन) पकेट क्षेत्र घोषणा गरी श्रोतकेन्द्रको रुपमा बिकास गरिनेछ ।
- पशुपन्छीपालन क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरणका लागि नीजि साझेदारीमा आधारित भेडा तथा बाख्रापालन पकेट क्षेत्र घोषणा गरी कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- उत्कृट पशुपन्छी पालन गर्ने कृषकलाई उत्कृष्ट अध्यक्ष पुरस्कारको ब्यबस्था गरेको छु ।
- पशुपन्छीबाट सर्न सक्ने रोगहरूको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन व्यापक जनचेतना अभिवृद्धिका साथै एक स्वास्थ्य अवधारणा अनुसार

जनस्वास्थ्य संरक्षणका लागि आबश्यक कार्यक्रम संचालन गरिने ब्यबस्था मिलाएको छु ।

भूमी

- सार्वजनिक र सरकारी जग्गाको संरक्षण गर्न सरकार प्रतिवद्ध छ ।भूमि सम्बन्धी समस्या समधान आयोग मार्फत भूमिहिन दलित, भूमिहिन सुकुम्बासीर अव्यवस्थित बसोबासीको पहिचान गरी लगत संकलन नाप नक्साङ्कन तथ्याङ्क सत्यापन र अभिलेखाङ्कन कार्य सम्मपन गरी आगामी आर्थिक वर्षभित्र जग्गाधनी दर्ता प्रमाण पत्र वितरण गर्ने कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

उद्योग

- जुनीचाँदे गाउँपालिकामा गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ लघु उद्यमी सिर्जना तथा स्तर उन्नतिका लागि रु २३ लाख ६० हजार रुपैया विनियोजन गरेको छु ।
- औद्योगिक क्षेत्रको विकासको लागि आवश्यक नीतिगत, कानूनी तथा संस्थागत व्यवस्था गरिनेछ ।
- लघु उद्यम बिकास कार्यक्रमको रणनीति कार्ययोजना निर्माण गरी कार्यन्वयनको लागि आवश्यक बजेटको ब्यवस्था गरेको छु ।
- उद्यमशिलताको विकास गर्न आयमुलक रोजगारीका कार्यक्रम सञ्चालन गरी महिला, दलित, जनजाति आदिवासी, पछाडी परेका जनसमुदायलाई लघु उद्यममा सहभागिता गराइनेछ । साथै गाउँपालिका भित्र रहेका महिला समुह, सहकारी मार्फत ब्यवसाय ऋणको ब्यवस्था मिलाएको छु ।
- परम्परागत सिप र पेसालाई आधुनिकिकरण गर्नको लागि बिभिन्न सिपमूलक तालिमहरुको आयोजना गरिने ब्यबस्था मिलाएको छु ।
- गाउँपालिकामा रहेका लघु उद्यमीहरुलाई थप स्तरोन्नती गर्नको लागि आवश्यकतामा आधारित प्रबिधि हस्तान्तरणका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

- गाउँपालिकामा रहेको बहुमुल्य रत्नपत्थर खानिहरुको उत्खन्न तथा प्रशोधनको लागि संघीय सरकार र प्रदेश सरकार सँगको समन्वयमा विशेष पहल गरिनेछ ।
- फनिर्चर उद्योग, रत्न पत्थर प्रशोधन तथा कटिगं उद्योग, टिमुर तथा जडीबुटी संकलन तथा प्रशोधन उद्योग शुद्ध पिउने पानीउद्योग अर्गानिक मसला उद्योग, अल्लो प्रशोधन उद्योगहरुको सम्भाब्यता अध्ययन गरी सञ्चालन गर्न प्रदेश सरकार तथा संघीय सरकारसँग पहल गरिनेछ ।

**वाणिज्य**

- जुनीचाँदे गाउँपालिका भित्र सञ्चालनमा रहेका साना व्यवसायहरुलाई व्यवसाय दर्ता तथा नविकरण गर्नको लागि आवश्यक कानून निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।
- नयाँ उद्योग तथा नयाँ बजार बिस्तार सम्बन्धी अध्ययन अबलोकन गरिने छ ।
- गाउँपालिका भित्र रहेका उद्यम ब्यवसायहरुलाई दर्ता तथा नविकरणको दायरा भित्र ल्याउन उद्योग बाणिज्य संघ संग समन्वय गरी अगाडि बढाईने छ ।

**पर्यटन**

- दश वर्षे जनयुद्धको उदगम स्थलको रुपमा रहेको जुनी बस्तीमा युद्ध संग्रहालय निर्माण गर्न रु २५ लाख रुपैया विनियोजन गरेको छु ।
- **“जुनीचाँदे समृद्धिको आधार, पर्यटनको विकास र भौतिक पूर्वाधार”** निर्माण भन्ने नाराका साथ गाउँपालिकामा रहेका मुख्य पर्यटकीय स्थल, जुनी बस्ती, चाँदे हिमाल, भैरी चाल्ले नागढुगां, देउराली पाथीभरा, मालिका, नदाईडाब भगवतिमाई लगायतका पर्यटकीय स्थलको सम्भाव्यता अध्ययन गरी सम्भाव्यता स्थलहरुको संरक्षण र सम्वर्द्धन गर्नका लागि संघीय सरकार र प्रदेश सरकारसँग सहकार्य गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।
- नेपालको आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न कर्मचारीलाई पर्यटन खर्च सहितको १० दिनको पर्यटन विदा उपलब्ध गराईने छ ।
- गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रको प्रचारप्रसार गर्नको लागि आवश्यक बजेटको ब्यवस्थापन गरिएको छ ।

- जुनीचाँदे गाउँपालिकालाई एक मनोरम र आकर्षक गन्तव्य स्थलको रुपमा विकास गरिनेछ ।
- देउराली बासुधारा पर्यटन पदमार्ग निर्माणको लागि आवश्यक बजेटको ब्यवस्थापनको लागि संघीय सरकार र प्रदेश सरकारसँग पहल गरिनेछ ।

## कला सास्कृतिक

- गाउँपालिका भित्र लोपोन्मुख परम्परागत खाँडो तथा पैसेरु नाचलाई ब्यवस्थित बनाईने छ ।
- जुनिचाँदे गाउँपालिका भित्र खेलिने देउडा, मागल लगाएतका लोक सस्कृतिलाई संरक्षण गर्नको लागि प्रोत्साहन गरिने छ ।
- गाउँपालिका भित्र हुने हरेक क्रियाकलापहरुलाई साँस्कृतिकको माध्यमबाट प्रस्तुत गर्न स्थानीय कलाकार निर्माण गरिने छ ।

## सहकारी

- सहकारीलाई संघीय सरकारको नीति अनुसार क्रमशः एकिकरण र मर्ज गर्दै लगिने छ । विगतमा दर्ता भई निष्कृय भएका र नयाँ सहकारी संस्थाहरुलाई क्षमता विकासका कार्यक्रमव्यवस्थापन कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ ।
- गाउँपालिका भित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुका पदाधिकारीहरुलाई क्षमता विकासको लागि तालिमको व्यवस्था गरिनेछ ।
- गाउँपालिकामा रहेका महिला सहकारी तथा महिला समुहहरुलाई क्रियाशिल बनाउन, बिशेष व्यवसायिक अनुदानको ब्यवस्था मिलाएको छु ।
- **"गाउँ गाउँमा सहकारी, घरघरमा रोजगारी"** को नारालाई सार्थक तुल्याउन प्रत्येक वडामा एक सहकारीको अवधारणा ल्याइनेछ ।
- सहकारीहरुको साझेदारीमा स्थानीय तहमा आवश्यक कृषि, वन, वातावरण र भौतिक पुर्वाधारका निर्माण गर्न समेत आवश्यक पहल गरिनेछ ।

**आदरणीय गाउँसभाका सदस्य ज्यूहरु,**

**(ख)सामाजिक विकास क्षेत्र**

**शिक्षा**

- विद्यालय निरीक्षण तथा अनुगमन कार्यलाई प्रभावकारी वनाई शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु।
- एक वडा एक नमुना बिद्यालयको अवधारणालाइ कार्यान्वयनमा ल्याउनका लागि आवश्यक बजेट बिनियोजन गरिएको छ ।
- दरबन्दी/राहत अनुदान कोटा प्राप्त नभएका विद्यालयहरुको अध्ययन अध्यापन कार्यलाइ वालमैत्रीपूर्ण, व्यवस्थित, प्रभावकारी र गुणस्तरीय वनाउन यस गाउँपालिका स्रोतबाट उक्त विद्यालयहरुमा शिक्षण सिकाई अनुदान कोटा वितरण गर्न आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
- जुनीचाँदे गाउँपालिका अन्तर्गत खेलमैदान, भवन, शौचालय, खानेपानी, आई.सि.टी. विज्ञान प्रयोगशाला, पुस्ताकालय आदिको अवस्था कमजोर भएका विद्यालयहरुलाई प्राथमिकता क्रमको आधारमा भौतिक सुविधा विस्तारका कार्यक्रमका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- यस गाउँपालिका अन्तर्गत सञ्चालित ६१ सामुदायिक विद्यालयहरुमा नेपाल सरकारले तोकेको रंगरोगन गर्ने कार्यका लागि आवश्यक वजेटको व्यवस्थापन गरेको छु ।
- विद्यालय र समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको सर्वाङ्गीण विकासमा टेवा पुयाउने खालका बिबिध शैक्षिक सामग्री र वालमैत्रीपूर्ण कक्षाकोठा व्यवस्थापन गर्नको लागि आवश्यक वजेटको व्यवस्था गरिएको छ ।
- विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारण हालसम्म पनि विद्यालयहरु बन्द भई बालबालिकाको शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारमा वाधा पुगेको र यस गाउँपालिकाको भौगोलिक विकटता तथा सूचनासञ्चार प्रविधिको पहुँचको अभावकाको कारण भर्चुअल/अनलाईन/रेडियो जस्ता कक्षा सञ्चालनमा कठिनाई हुने भएकोले सिकाइ सहजीकरण गर्ने जस्ता विविध कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत कार्यालय सहयोगी, बालबिकास शिक्षक र बिद्यालय सहायक कर्मचारीहरुको पारिश्रमिकमा मासिक रु **दुई हजार** तलब बृद्धिको लागि आवश्यक वजेट बिनियोजन गरेको छु ।
- जुनीचाँदे गाउँपालिका अन्तर्गत सञ्चालित सबै आधारभुत तथा माध्यमिक विद्यालयहरुमा भवन, फर्निचर, कक्षा कोठा, प्रयोगशाला, शौचालय, खानेपानी, पुस्तकालय, कम्प्युटर ल्याब, बुक कर्नर आदि जस्ता भौतिक तथा शैक्षिक पूवार्धार पुरा गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- आधारभुत विद्यालय उमेर समुहका सवै वालवालिकालाई विद्यालय भर्ना गराई "वालवालिकालाई विद्यालयमा **ल्याउ, सिकाउ र टिकाउ"** भन्ने नारालाई मध्यनजर गर्दै शैक्षिक सत्रको सुरुमा भर्ना अभियान र वालवालिकालाई विद्यालयमा स्वागत जस्ताकार्यक्रम सञ्चालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- शैक्षिक व्यवस्थापनको क्षमता अभिबृद्धि तथा संस्थागत विकासका लागि प्रधानाध्यापक शिक्षक, कर्मचारी एवम् व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकासका कार्यक्रमहरु तथा नियमित प्रधानध्यापक तथा गाउ शिक्षा समितिको वैठक सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- यस गाउँपालिका अन्तर्गत सवै विद्यालयमा कार्यरत प्र.अ. र शिक्षकहरुको कार्यसम्पादन सुचकको आधारमा बस्तुनिष्ठ मुल्याङ्कन गरी **वर्ष उत्कृष्ट विद्यालय, वर्ष उत्कृष्ट प्र.अ.** र **वर्ष उत्कृष्ट शिक्षक** कार्यक्रमलाई निरन्तरता दिई पुरस्कृत गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- जुनीचाँदे गाउँपालिका अन्तर्गत विभिन्न सामुदायिक विद्यालयवाट SEE परीक्षामा सहभागी भई सर्वोउत्कृष्ट नतिजा प्राप्त गर्ने १/१ जना छात्र/छात्रालाई पुरस्कृत तथा सम्मान गर्ने र त्यस्ता मेहनति, गरिव तथा जेहेन्दार विद्यार्थीलाइ माथिल्लो तहमा अध्ययन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- यस गाउपालिकामा SEE परीक्षालाई व्यवस्थित, मार्यादित र अनुशासित वनाउन विभिन्न संयन्त्र निर्माण गरिनेछ । SEE परीक्षा केन्द्र भएका विद्यालयहरुमा परीक्षा सञ्चालन खर्चको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।
- आधारभुत शिक्षा उत्तीर्ण परीक्षा (कक्षा-८) लाई व्यवस्थित, मार्यादित र अनुशासित वनाउनको लागि गाउँपालिका स्तरीय प्रश्न पत्र निर्माण, मोडरेशन,

कपी परीक्षण, कपी ढुवानी, केन्द्राध्यक्ष तथा निरीक्षक नियुक्ति, केन्द्र व्यवस्थापन, अनुगमन तथा निरीक्षण आदि जस्ता कार्यका लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरेको छु ।

- कक्षा कोठालाई धुलो रहित वनाउन कक्षा १-३ सम्म कार्पेटिङको व्यवस्थाका साथै अन्य कक्षाकोठाको प्रभावकारी व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- तोकिएको न्यूनतम सिकाई उपलब्धी हासिल गराउन नसक्ने बिद्यालयहरुलाई गाउँपालिकाबाट दिइने अनुदानमा कटौती गर्ने नीतिको ब्यवस्था मिलाइने छ ।
- बिद्यार्थी भर्ना र टिकाउलाई प्रोत्साहित गर्दै दिगो र गुणस्तीयरीय शिक्षाकालागि सबै बिद्यालयका बालबिकास देखि कक्षा ५ सम्मका बिद्यार्थीहरुलाई पोषणयूक्त दिवा खाजाको प्रभावकारी व्यवस्थापन गरिने छ ।
- प्रत्येक मा.वि. तथा निमाविहरुमा किशोरीहरुको लागि स्यानीटरी प्याडको लागि आवश्यक बजेटको ब्यबस्था गरेको छु ।
- गाउँपालिका भित्रको आर्थिक लगानीको आवश्यकता मुखि, बस्तुनिष्ठ र एकद्धार पद्धतिवाट व्यवस्थापन गर्न गाउँ शिक्षा कोषको स्थापना गरिने छ ।

## खानेपानी तथा सरसफाई

- जनताको दैनिक जीवन सँग प्रत्यक्ष सम्बन्ध जोडिएको स्वच्छ खानेपानीमा जनताको पहुँच सुनिश्चित गर्न आवश्यक पहल गरिने छ साथै क्रमागत योजनाहरुलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका भित्रका प्रत्येक बिद्यालयहरुमा स्वच्छ खानेपानीको लागि आवश्यक पहल गरिनेछ ।
- जुनीचाँदे गाउँपालिका यस आर्थिक वर्षमा आवश्यक पाईप खरिद गरी स्वच्छ खानेपानीको अभाव भएको स्थानमा खानेपानीको पहुँच विस्तार गर्न पाईप खरिद गरी वितरण गर्ने व्यवस्था मिलाएको छु ।

## यूवा खेलकुद तथा मनोरञ्जन

- बालवालिकाको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षलाई मध्यनजर गरी खेलकुद क्षेत्रको विकास गर्नको लागि प्रत्येक माध्यमिक विद्यालयमा खेलकुद सामग्री खरिद कार्यक्रमलाई निरन्तरता दिइएको छु । साथै जुनीचाँदे

गाउँपालिका भित्र अध्यक्ष कप अन्तर विद्यालय रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गर्ने कार्य निरन्तरता दिनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

- जुनिचाँदे गाउँपालिकामा खेलकुदलाई नियमित गराउन तेस्रो अध्यक्षकप २०७८, को आयोजनाको खेल मैदानको लागि आवश्यक पहल गरिनेछ ।
- स्वास्थ्यको लागि खेलकुद राष्ट्रका लागि खेलकुद भन्ने मान्यतालाई आत्मसात गरी नियमित रुपमा एक घर एक खेलाडी उत्पादन गरिने छ ।
- गाउँपालिका स्तरीय खेलकुद समिति यसै आर्थिक वर्ष भित्र गठन गरिने छ ।
- गाउँपालिका स्तरीय रंगशाला निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- एक बिद्यालय एक खेलकुद मैदान निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- बिद्यालय क्षेत्रमा हुने खेलकुदमा महिला सहभागिता बढाउन महिला खेलाडीलाई बिशेष प्राथामिकता दिइने छ । उत्कृष्ट महिला खेलाडीलाई प्रोत्साहन गरिनेछ ।
- युवा क्लव, बाल क्लव गठन तथा दर्ता गरी युवाहरुको क्षमता बिकासको लागि आवश्यक तालिमको ब्यवस्था मिलाएको छु ।

## लैगिंक सशक्तिकरण तथा समावेशीकरण

- अपाङ्गता भएका बालबालिकाहरुका लागि अत्यावश्यक सामाग्रीहरु उपलब्ध गराउने र अपाङ्ग परिचय– पत्र वितरण गर्दा "क" र "ख" वर्गको सम्वन्धित वडाहरुमा शिविर सञ्चालन गरिनेछ । जेष्ठ नागरिक र अपांङ्ग परिचय पत्र कम्प्युटराइज्ड प्रणालीबाट वितरण गरिने छ ।
- **बैंक खाता छोरी सुरक्षा जीवनभरी**, नारालाई आत्मसात गरी आर्थिक वर्ष २०७८ साउन १ देखि जन्मने छोरीहरुको नाममा गाउँपालिकाले खाता खोली रु १० हजार बचत गर्ने कार्यक्रमलाई निरन्तरता दिनका लागि रु २० बिस लाख रुपैया बिनियोजन गरेको छु ।
- महिलाहरुले सीप अनुसार उत्पादन गरेका वस्तुहरुको संकलन तथा बिक्री वितरण गर्नको लागि उत्प्रेरित गरिनेछ ।
- सुत्केरी सँग उपाध्यक्ष भेटघाट कार्यक्रम सञ्चालन गरी प्रत्येक सुत्केरी आमा तथा बच्चालाई (न्यानो कपडा प्याकेज, आयोडिन नुन, लोकल कुखुरा तथा एक धार्नी तोरीको तेल  वितरणको लागि आवश्यक बजेटको ब्यवस्था मिलाई सो

कार्यक्रमलाई निरन्तरता दिनका लागि रु १५ लाख रुपैया बजेट बिनियोजन गरेको छु ।

- जुनीचाँदे गाउँपालिकामा रहेको छाउपडी प्रथा जस्ता छुवाछुत प्रथा अन्त्यको लागि सामाजिक कुरीति बिरुद्धका अभियान सञ्चालनलाई निरन्तरता दिनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- **"मानव सभ्यताको सम्मान छुवाछूत र सामाजिक कुरीति बिरुद्धको अभियान"** भन्ने ध्येयका साथ जुनीचाँदे गाउँपालिका भित्र सामाजिक कुरीति बिरुद्धको कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- सार्वजनिक निकायका संरचनाहरुलाई अपाङ्ग मैत्री, बालमैत्री र लौङ्गिक मैत्री बनाउने कार्य अघि बढाइने छ ।
- महिला समुह,महिला सञ्जाल गठन गरी महिलाहरुको क्षमता अभिबृद्धिका लागि व्यवसायिक आय आर्जनका कार्यक्रम सञ्चालनको ब्यवस्था मिलाएको छु ।
- समान कामको लागि समान ज्यालाको नीतिलाई कार्यान्वयन गर्दै गाउँपालिका भित्र हुने सम्पूर्ण बिकास निर्माणका कामहरुमा महिला तथा पुरुष लाई समान ज्याला निर्धारण गरिने छ ।
- जोखिममा रहेका बालबालिका अपाङ्गता तथा टुहुरा भएका बालबालिकाहरुको शिक्षा, स्वास्थ्य र संरक्षणका लागि बिशेष कार्यक्रम संचालन गर्ने ब्यबस्था मिलाएको छु ।
- विपतमा परेका बालबालिकाहरुको उद्धार तथा पुनस्थापनाका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- जेष्ठ नागरिकसँग अध्यक्ष भेटघाट कार्यक्रमलाई सञ्चालन गर्न ८० वर्ष उमेर पुरा भएका जेष्ठ नागरिकहरुलाई उपचार खर्च बापत रु ५ हजारका दरले प्रोत्साहन दिन कार्यक्रमको लागि रु ३ लाख रुपैया बजेट बिनियोजन गरेको छु ।
- दलित, महिला, अपाङ्ग, दन्द्धपिडित विपन्न तथा सीमान्तकृत समुदायको आत्म निर्भरताको लागि लक्षित वर्ग विशेष कार्यक्रम ल्याइनेछ ।
- महिलाहरुको नेतृत्व बिकासको लागि बिभिन्न क्षमता अभिबृद्धि तथा नेतृत्व बिकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

## सामाजिक सुरक्षा र रोजगार

- जुनीचाँदे गाउँपालिकामा रहेका बेरोजगार ब्यक्तिहरुको पहिचान तथा सूचिकृत गरी रोजगारीको अवसर प्रदान गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने विविध क्रियाकलाहरु, मुख्यमन्त्री रोजगार कार्यक्रम लगायत गाउँपालिकामा सञ्चालन हुने विभिन्न आयोजना तथा परियोजनाहरुमा उच्च प्राथमिकताका साथ सहभागी गराई न्युनतम रोजगारीको सुनिश्चित गरिने छ ।
- जुनीचाँदे गाउँपालिका सञ्चालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत न्यूनतम एक सय दिनको रोजगरीको सुनिश्चिताका गरिनेछ ।

**आदरणीय गाउँसभाका सदस्य ज्यूहरु,**

## (ग) पूर्वाधार क्षेत्र

### सडक

- गाउँपालिका भित्र रहेका ११ वटै वडाहरुमा आर्थिक वर्ष २०७८।०७९मा सडक सञ्जालमा जोडनेछ ।
- गाउँपालिका भित्र रहेका सम्पर्ण सडकहरुको विस्तृत आयोजना प्रतिवेदन निर्माण गरी प्रदेश सरकार र केन्द्र सरकार पहल गरिने छ ।
- गाउँपालिका गौरवका आयोजना घोषणा गरी प्रदेस सरकारको समपुरक सहित ओखडा–जुनी–जुम्ला सडकको लागि रु १ करोड रकम विनियोजन गरेको छु
- लामातडा–गर्खाकोट–बुद्धिडाडा–जुम्ला सडक (क्रमागत) संघीय सरकारको समपुरक अनुदान सहित रु २ **करोड ३० लाख** बजेट बिनियोजन गरेको छु ।
- जुनीचादे गाउँपालिका भित्रका टयाक ओपन भएका सडकहरुको स्तर उन्नति र मर्मत सम्मारको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

### पुल तथा ट्रसब्रिज

- सानाखोला–सिलतडा, नर्मरा–लुहादह र लामातरा–मटेलाजोड्ने मोटर पुलको विस्तृत आयोजना प्रतिवेदन (DPR) निर्माण भइसकेको हुदा मोटरएवल पुल

निर्माणका लागि संघीय सरकार र प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ ।

- जुनीचाँदे गाउँपालिका वडा न ४ र ११ जोडने सिउरेनी पाखा ट्रसब्रिज निर्माण गर्न आवश्यक पहल गरिने छ ।
- गाउँपालिका अन्तर्गतका विभिन्न क्षेत्रमा झो.पु. र ट्रसब्रिज निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- धुलेखोला चोत्राकोट जोड्ने ट्रसब्रीज निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- घहतखामा डाब जोडन झुलुङ्गे पुल निर्माणको लागी आवश्यक पहल गरिने छ ।

## भवन निर्माण

- गाउँपालिका भित्र भवन निर्माण गर्दा भवन संहिता कार्यविधि बमोजिम भवन निर्माण गरिने व्यवस्था मिलाईएको छ ।
- गाउँपालिका भित्र निमार्ण गरिने भवनहरु बालमैत्री, अपाङ्गमैत्री, लैगिक संवेदनशिलतालाई ध्यानमा राखि निर्माण गरिने व्यवस्था गरिएको छ ।
- गाउँपालिका भित्रका प्रत्येक वडा कार्यालयको भवन निर्माण कार्य यस आ.व वर्ष पनि निरन्तरता दिएको छु ।
- गाउँपालिका भित्र रहेका महिला समुहहरुलाई आवश्यतामा आधारित सामुदायिक भवन निर्माणको लागि आवश्यक बजेटको ब्यवस्था गरेको छु ।
- सुरक्षित नागरिक आवाश कार्यक्रमलाई प्रभावकारी बनाउन खरको छानामुनी रहेका नागरिकलाई टिनको छाना भित्र बस्ने ब्यवस्थापन गर्न २ सय ४० वटा नयाँ छाना निर्माणको लागि रु ४५ लाख रुपैया बजेट बिनियोजन गरेको छु ।
- जुनिचाँदे गाउँपालिका भित्र छरिएर रहेका बस्तीहरुको बिस्तारको लागि एकिकृत नमुना बस्ती निर्माणको सुभारम्भ गरिनेछ ।

## उर्जा

- गाउँपालिकामा केन्द्रिय विद्युत प्रशारण तथा वितरणलाई सम्बन्धित निकायसँगको समन्वय तथा सहकार्य गरी सडक सञ्जालमा आवद्ध वडाहरुमा पुर्याउने कार्य अगाडी बढाईनेछ ।
- जुनिचाँदे गाउँपालिकालाई धुलो धुवा मुक्त गाउँपालिका बनाउन सुधारिएको चुलो कार्यक्रम सञ्चालनको गरिने छ ।
- जुनीचाँदे गाउँपालिकामा सौर्य उर्जा प्रविधि जडान गर्न सम्बन्धित निकायमा पहल गरिने छ ।
- जुनीचाँदे गाउँपालिका वडा नं ११ मा रहेको घट्टेखोला पिको हाइड्रो पावर निर्माणाधीन रहेको हुदाँ २०७८ साल मंसिर सम्म सञ्चालनमा ल्याउने व्यवस्था मिलाएको छु ।

**सिचाई**

- कृषि क्षेत्रको आधुनिकिकरण सगै उत्पादन बृद्धिका लागि जुनीचाँदे गाउँपालिका भित्र सिचाई सुबिधा उपलब्ध गराउन बिभिन्न निकायहरु संगको समन्वय, सहकार्य र साझेदारीको आधारमा सम्भाव्यतामा आधारित सिचाँई आयोजना संचालनका लागि पहल गरिने छ ।
- कृषकहरुको मागलाई मध्यनजर गरी गाउँपालिका भित्र आवश्यक स्थानमा साना सिचाई आयोजनाको ब्यवस्था गरिएको छ ।
- 

**आदरणीय गाउँसभाका सदस्य ज्यूहरु,**

**(घ) वन तथा वातावरण विपत व्यवस्थापन**

- जुनीचादे गाउँपालिकामा विपत व्यवस्थापन कोष खडा गरी सो कोषबाट खर्च गर्ने गरी रु १ करोड रुपैया विनियोजन गरेको छु ।
- जुनीचाँदे गाउँपालिकामा जडीबुटीको अपार सम्भावनाको खोज पहिचान र दिगो प्रवर्द्धन गरिनेछ।
- जुनीचाँदे गाउँपालिकामा रहेको बहुमूल्य जडिबुटीहरुको प्रशोधन गरी निर्यात गर्नको लागि डिभिजन वन कार्यालय सँग समन्वय गरी राजश्व दायरामा ल्याइने छ ।

- एक व्यक्ति १ विरुवा रोप्ने नीतिलाई प्रोत्साहन गर्न भावी सन्ततिलाई बिरुवा उपहार र वातावरण संरक्षण र संवर्द्धन लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- जुनीचाँदे गाउँपालिकामा आकस्मिक पहिरो तथा नदी नियन्त्रण कार्यक्रम, एकिकृत भुसंरक्षण तथा जलाधार व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन योजना तयारी जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक वनहरुलाई हरियाली वनको परिकल्पना अनुसार बृक्षारोपण कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको ब्यवस्था मिलाएको छु ।
- वन डडेलो नियन्त्रणका लागी वन क्षेत्रमा होडिङ्ग बोर्ड, स्थानीय रेडियो, स्थानीय पत्र-पत्रिका मार्फत प्रचार प्रसार गर्नको लागि आवश्यक बजेटको ब्यवस्था मिलाएको छु ।

**आदरणीय गाउँसभाका सदस्य ज्यूहरु,**

**(ङ) संस्थागत, सेवा प्रवाह र सुशासन**

- स्वास्थ्य जोखिमको विद्यमान अवस्थामा आफ्नो कार्यस्थलमा अहोरात्र खटिई जिम्मेवारी पुरा गर्ने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतका सबै राष्ट्रसेवकको योगदानको उच्च मुल्याङ्कन गर्दै कोरोना रोकथाम तथा उपचारका लागि अग्रपंक्तिमा काम गर्ने राष्ट्रसेवक कर्मचारीलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाएको छु ।
- सार्वजनिक निकाय लगायत सबै क्षेत्रमा सदाचार संस्कृतिको विकास गरिनेछ । म भ्रष्टचार गर्दिन, म भष्ट्राचार हुन दिन्नँ, देश र जनताका लागि इमान्दार भएर काम गर्नेछु भन्ने प्रतिज्ञासहितको सुशासन कार्य संस्कृति प्रवर्द्धन गरिनेछ । शासकीय प्रवन्धमा कानूनी राज्यको अवधारणालाई पूर्ण परिपालना गरिनेछ ।
- गाउँपालिकामा रोजगारी सिर्जना गरिनेछ साथै कामका आधारमा कार्यरत कर्मचारीहहरुलाई म्याद थप गरी सेवा कायम गरिनेछ र कुनै पनि रोजगार व्यक्तिलाई वेरोजगार बनाईने छैन ।

- नागरिक मैत्री सेवा प्रबाहलाई थप ब्यबस्थित बनाउन आवश्यक नीति तथा कार्यक्रमहरु तर्जुमा गरेको छु ।
- न्याय प्रशासनलाई स्वच्छ, निष्पक्ष, सर्वसुलभ बनाई जनताको प्रत्यक्ष पहुँच पुऱ्याउनको लागि  समयन्त्र बनाउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- कर्मचारीहरुको मनोवल उच्च राख्दै कार्य सम्पादनमा प्रभावकारिता ल्याउन आवश्यकतामा आधारित क्षमता बिकास सम्बन्धी तालिम सञ्चालन गरिने छ । उत्कृष्ट काम गर्ने कर्मचारीलाई सम्मान गरिने ब्यबस्था गरेको छु । साथै कार्यरत सवै प्रकारका कर्मचारीहरुको सेवा निरन्तरता र गत आ.व. मा खाईपाई आएको तलवमान नघट्ने गरी तलव स्केल सुनिश्चितता गरेको छु ।
- अध्ययन अवलोकन भ्रमणको माध्ययमबाट सिकाई आदान प्रदान गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु ।
- यस जुनीचाँदे गाउँपालिकाबाट दक्ष जनशक्ति उत्पादनका लागि एम. वि. वि. एस., ईन्जिनियर, स्टापनर्स, एच.ए. र फार्मेसी र कृर्षि तथा भेटनरी विएसी. एजी. छात्रवृतिमा अध्यनरत विद्यार्थीलाई अनुदान सहयोग दिने व्यवस्था मिलाएको छु ।

न्यायिक तर्फ

- न्यायिक समितिलाई कार्यसञ्चालनमा छिटोछरितो न्याय सम्पादन गर्नको लागि संगठन संरचना भित्रबाट आवश्यक कर्मचारीलाई तालिमको ब्यवस्था गरिने छ ।
- जुनिचाँदे गाउँपालिकामा न्यायिक समिति अन्तर्गत रहेको मेलमिलाप समितिको कामकाजलाई प्रभावकारी रुपमा अगाडी बढाउन मेलमिलाप कर्तालाई प्रोत्साहन गर्ने व्यवस्था मिलाएको छु ।
- न्यायिक समिति तथा मेलमिलाप समितिलाई दोस्रो चरणको क्षमता अभिबृद्धि गर्नका लागि अभिमुखिकरण तालिमको ब्यवस्था मिलाएको छु ।
- गाउँपालिकामा रहेको न्यायिक समितिको काम थप प्रभावकारी बनाउनका लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ साथै मेलमिलाप समितिलाई थप व्यवस्थित र स्रोत साधन सम्पन्न वनाईनेछ ।
- स्थानीय तहको न्यायिकको अधिकार सम्बन्धी प्रत्येक वडामा अनुशिक्षण कार्यक्रम सञ्चालन गरिने छ ।

## राजश्व र लेखा

- आन्तरिक आयको बृद्धि हुने किसिमका कार्यलाई प्राथामिकता दिईनेछ।"मैले तिरेको कर मेरो गाउँपालिका समृद्ध बनाउने रहर" भन्ने नाराका साथ कर तिर्न प्रोत्साहन गरिनेछ ।
- जुनीचाँदे गाउँपालिका भित्र राजश्वको दायरा फराकिलो बनाई आर्थिक बृद्धिमा बढोत्तरी गरिनेछ ।
- प्रत्येक वडाहरुमा राजश्व दायरा बृद्धि गर्नको लागि कर्मचारीहरुलाई राजश्व सम्बन्धी अभिमुखिकरण तालिमको व्यवस्था गरिनेछ ।
- व्यवसायलाई दर्ताको दायरामा ल्याई राजश्वको दायरा फराकिलो बनाईने छ ।
- जुनीचाँदे गाउँपालिका सबैभन्दा बढी राजश्व उठाउने कर्मचारीलाई पुरस्कृत गर्नको लागि आवश्यक व्यवस्था मिलाएको छु ।

## संञ्चार

- जुनीचाँदे गाउँपालिका सम्पूर्ण वडाहरुमा इन्टरनेटको प्रभावकारी सेवा सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- रेडियो, अनलाईन, पत्रपत्रिकाको माध्ययमबाट गाउँपालिकाले संचालन गरेका गतिविधिहरु प्रकाशन प्रसारण गरी जनतालाई सूसुचित गर्नको लागि आवश्यक वजेट बिनियोजन गरेको छु ।
- संचारकर्मीको हक हित र पेशागत सुरक्षाको लागि गाउँपालिकाबाट गर्नुपर्ने आवश्यक सहयोग प्रदान गरिनेछ ।
- कुनै पनि पूर्वाग्रही ढंगले नहेरी समग्र जुनिचाँदे विकासका लागि गरिने गतिविधिहरुको प्रचार प्रसार गर्ने पत्रकारहरुलाई सम्मान गर्ने ब्यवस्था मिलाएको छु ।

## शान्ति तथा सुव्यवस्था

- जुनीचाँदे गाउँपालिका (११ वटै वडाहरु) घटना दर्ता तथा सामाजिक सूरक्षा दर्ता शिविर सञ्चालन गरी व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा व्यवस्थित गरिनेछ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्यक्रम सुदृढ गरिनेछ । सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ताका लागि आवश्यक पर्ने व्यवस्थापन सूचनाप्रणाली सञ्चालनको लागि वडा कार्यालयहरुलाई डेक्सटप, कम्प्युटर, प्रिन्टर स्क्यानर तथा 4G wireless Dongol तथा बैकल्पिक इन्टरनेट सेवा सुचारु गरी कार्य सञ्चालन गर्ने व्यवस्थाको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- सामाजिक सुरक्षा भत्ता दोस्रो चौमासिकबाट अनिवार्य रुपमा बैक खाताबाट भत्ता वितरण गर्ने व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ ।
- लागू पदार्थ निषेध, मदिरा नियन्त्रण लगायतका कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाउँ प्रहरी सम्बन्धी कानून निर्माण गरी गाउँ प्रहरी भर्ना गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छ ।

आदरणीय गाउँसभाका सदस्य ज्यूहरु,

२.३. मुख्य मुख्य आयोजना र क्रियाकलाप

२.४. अनुमानति व्यय र स्रोत व्यवस्थापन

आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि संक्षिप्त बजेट देहाय बमोजिम प्रस्तुत गरेको छु ।

**(क)** आयः

आन्तरिक श्रोत तथा नगद मौज्दात गरी कूल रु ३ करोड, ५० लाख, संघीय सरकारबाट प्राप्त राजस्व बाँडफाँट रु. ८ करोड ९५ लाख ६२ हजार, अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तरर्गत वित्तीय समानीकरण रु ९ करोड १५ लाख, समपुरक अनुदान रु १ करोड १५ लाख, विशेष अनुदान रु १ करोड ८३ लाख, सशर्त अनुदान २१ करोड ६८ लाख र कर्णाली प्रदेश सरकारको राजश्व बाँडफाँड रु ४ लाख ८९ हजार, प्रदेश वित्तीय समानीकरण ९२ लाख २८ हजार, प्रदेश समपुरक रु १ करोड, प्रदेश विशेष अनुदान रु ६५ लाख र प्रदेश सशर्त अनुदान १ करोड ९८ लाख ९३ हजार, रोयल्टी १ लाख ३५ हजार जम्मा रु ५० करोड ८९ लाख ७ हजार रुपैया मात्र आय प्राप्त हुने अनुमान गरेको छु ।

**(ख)** व्ययः

चालू तर्फ १२ करोड ५१ लाख ४८ हजार, सार्वजनिक निर्माण, पुँजीगत तथा विषयगत शाखा वित्तीय समानीकरण तर्फ रु १० करोड ७ लाख ६६ हजार, समपुरक अनुदान रु २ करोड १५ लाख, बिशेष अनुदान रु २ करोड ४८ लाख, शसर्त अनुदान कार्यक्रम रु. २३ करोड ६६ लाख, ९३ हजार गरी जम्मा खर्च ५० करोड ८९ लाख ७ हजार रुपैया मात्र अनुमान गरेको छु ।

## उपसंहार

उल्लेखित नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरिरहदा कोरोनाको संक्रमणले सिर्जना गरेको यस संकटको घडीमा सम्पूर्ण जुनीचाँदे बासी एकजुट भई सुखद भविष्य निर्माणका लागि उत्साहाका साथ अघि बढ्न यस बजेटले प्रेरित गर्ने विश्वास लिएको छु ।

आगामी आर्थिक वर्षको नीति कार्यक्रम तथा बजेट तयारीको क्रममा आवश्यक सहयोग प्रदान गर्नु हुने कार्यपालिकाका सदस्य ज्यूहरु, सभाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु र पूर्व जननिर्वाचित प्रतिनिधि ज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

वजेटका सिद्धान्त उद्देश्य प्रथामिकता र नीतिहरुमा व्यापक छलफल गरी गाउँसभाका सदस्यहरुले दिनु भएको सुझावको लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु । वजेट छलफलको क्रममा सुझाव दिनु हुने विषयगत शाखाका प्रमुख तथा यस गाउँपालिकामा कार्यरत कर्मचारीहरु लगायत नीजि क्षेत्र तथा नागरिक समाजका बुद्धिजिविहरु, सामाजिक संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु पत्रकार, सुरक्षाकर्मी सबैलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु । साथै प्रस्तुत वजेट कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।

अन्तयमा मुलुकभित्र र बाहिर रहनु भएका सम्पूर्ण जुनीचाँदे गाउँपालिका बासी आदरणिय आमाबुवा दाजुभाई तथा दिदी बहिनीहरुलाई कोभिड-१९ र विपतको जोखिमबाट आफु बचौ र अरुलाई बचाउ भन्ने अभियानमा सुरक्षित रहदै सबल, समृद्ध र न्यायपूर्ण जुनीचाँदे निर्माणमा योगदान गर्न आह्वान गर्दछु ।

**धन्यवाद ।**

**प्रस्तुत गर्ने**

शिवा आचार्य (बस्नेत)

जुनीचाँदे गाउँपालिका कार्यबाहक अध्यक्ष

मितिः २०७८।०३।१०